Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

आभा खबर साप्ताहिकको सह-प्रकाशन

मुलुकी दैनिकको नयाँ विज्ञापन दर

आवरण पृष्ठः प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठः प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठः प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुरा ४५,०००/-
अन्तिम पृष्ठ पुरा ६०,०००/-
आवरण पृष्ठ आधाः ३५,०००/-
ज्याकेटः ७५,०००/-
नोटः रु २०,०००/- भन्दा माथिको बिलमा मूल्य अभिवृद्धि कर जोडिनेछ

■ बर्ष-१६, ▶▶ अंक २७९▶▶ २०७८ वैशाख १४ गते मङ्गलबार ■ 2021, April -27 Tuesday ▶▶ यलेदुङ किरात सम्वत ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु ५/-

## गाईघाट बजारको सडकपेटी सफाइमा कडाइ गरिने

# नगरपालिका, बैङ्कलाइनमा पार्किङ स्थल बनाईने

❖ बुद्धि चामलिङ

*गाईघाट, वैशाख १३*

त्रियुगा नगरपालिकाले गाइघाट बजार क्षेत्रको सडकपेटी सफाइ गर्ने भएको छ। त्रियुगा नगरपालिका -११ गाईघाट बजार क्षेत्रमा पर्ने मदनभण्डारी लोकमार्ग निर्माणधिन अवस्थामा रहेकोले अहिले नगरपालिकाले सडकपेटी सफाईमा निष्क्रिय रहेको त्रिनपा ११ का वडा अध्यक्षा बिश्वराज भटराईले बताए।

वडाअध्यक्ष भटराईका अनुसार एक हप्ता, १० दिनपछि बजार क्षेत्रमा मदन भण्डारी लोकमार्गको निर्माण पुरा हुने भएकाले त्यसपछि वडा र नगर पालिकाले सडकपेटी सफाईमा कडाई गरिने बताए। त्रियुगा नगरपालिकाको कार्यालय, राष्ट्रिय बाणिज्य बैङ्क लाईन हुदै विधुत कार्यालय सम्मको सडक धेरै ब्यस्त हुने भएकोले ति क्षेत्रमा यही आर्थिक बर्षमा वडा र नगर पालिकाले सशुल्क पार्किङ स्थल बनाई वडाअध्यक्ष भटराईले बताए। अहिले सम्म त्यस क्षेत्रमा निशुल्क पार्किङ स्थल भएकाले त्यस्तो अब्यवस्थित भएको उनको भनाई छ। बैङ्क लाईन क्षेत्र अति संवेदनशील र ब्यस्त सडक क्षेत्र भएकाले त्यहा विहान १० बजेदेखि दिउसो ५बजे सम्म चारपाङ्ग्रे सवारीसाधनलाई रोक लगाउने योजना रहेको वडाअध्यक्षको भनाइ छ। उनका अनुसार पार्किङस्थलमा दुईपाङ्ग्रे मोटर साइकललाई - ***बाकी ३ पेजमा***




**४ दिनको फरक ।** *उदयपुर सदरमुकाम गाईघाटको मुख्यचोकको छेउमा रहेको सडकपेटीको नाली। बैशाख ९ गते बिहिबार को पहिलो फोटो बाया र बैशाख १३ गते सोमबारको फोटो दोस्रो दाया। सडकपेटीको नालीको ढकन लगाउने काम गर्नको लागि बास लगाउदै।* **तस्बिर - तस्बिर - मनिता कुमारी राई**

# ब्राउनसुगरसहित २ युवा पक्राउ

❖ मुलुकी संबाददाता

गाईघाट, वैशाख १३

उदयपुर प्रहरीले सोमबार लागुऔषधसहित दुई युवा पक्राउ गरेको छ। प्रतिबन्धित ब्राउन सुगर(खैरो हिरोईन)सहित प्रहरीले त्रियुगा नगरपालिका ३ मिलनचोकबाट उनीहरुलाई नियन्त्रणमा लिएको हो।

लागुऔषध कारोबार भईरहेको सुचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटेको विशेष टोलीले त्रियुगा नगर पालिका ३ मिलनचोकका ३४ वर्षीय मसिलाल भन्ने श्यामकुमार चौधरी र त्रियुगा ३ कै मोतिगडा लच्काका २८ वर्षीय रेवत खातीलाई नियन्त्रणमा लिएको हो। जिल्ला प्रहरी कार्यालयको लागुऔषध न्यूनिकरण अभियानअन्तर्गत परिचालन भएको टोलीले लागुपदार्थ दुर्व्यसन तथा बेचबिखन कार्यमा संलग्नहरुलाई खोजीखोजी पक्राउ गर्दै आएको छ।



क्याप्सनः ब्राउनसुगरसहित पक्राउ युवाहरु। तस्विरः महेश्वर

प्रहरीले उनीहरुको साथबाट २ ग्राम ब्राउनसुगर, ब्राउनसुगर सेवन गर्न प्रयोग गर्ने १० रुपैंयाको नोट १ थान, सिक्का १ थानसमेत बरामद गरेको जनाको छ। मध्यान्ह पक्राउ उनीहरु लाई जिल्ला प्रहरीको हिरासतमा राखेर थप अनुसन्धान सुरु भएको प्रहरी प्रमुख एसपी भीम दाहालले बताएका छन्।

# ब्यापारमा रमाउदै महिला

❖ मुना राई

*गाईघाट, वैशाख १३*

उदयपुर गाईघाटकी ३७ बर्षिय शर्मिला कार्कीले लुगा पसलको ब्यापार गरेको अहिले ११ बर्ष भयो। पहिले सुरुमा शर्मिलाले सानो लुगा पसल गरेर सुरु गरेका थिए। हाल उनीले ४ बर्षअघि देखि ठुलो लगानीमा इशान प्लाजा कपडा पसल सञ्चालन गर्दै आइरहेकी छिन्।



लुगा पसल सुरु गर्नु अघि उनी उदयपुर जिल्लाकै उत्तरी पहाडी रौतामाइ गाउपालिकाको लाफागाउको एक प्राथमिक विद्यालयमा डेढ बर्ष शिक्षणसमेत गरिन। अहिले गाईघाट बजारमा ठुलो लगानीको लुगा पसलहरुमा उनको इशान प्लाजा पनि अग्र स्थानमा नाम आउछ।

पछिल्लो समय राज्यले महिलाहरुलाई राज्यले ब्यापार, ब्यबशाय, उधम गर्नको लागि १५ लाख सम्म पैमा बार्षिक ३ प्रतिशत ब्याजमा दिएकाले पनि शर्मिला जस्ता महिला ब्याबशायीहरुलाई थप राहत पुगेको छ।

अहिले उनको पसल इशान प्लाजामा करिब १ करोड बढिको लगानी छ। स्वदेशी तथा बिदेशी उत्पादनका ब्याज, जुत्ता, चप्पल,महिला -पुरुष सबै उमेर समुहका मानिसहरुलाई लगाउन मिल्ने कपडाहरु सबै प्रकारका कष्मेटिक सामान, सौन्दयका -***बाकी ३ पेजमा***










पाण्डे श्री सप्लायर्स यण्ड ट्रेडस

त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड
प्रोपाइटरः-**बिनोदकुमार पाण्डे**
सम्पर्कः- ९८५२८३०५८२
*यहा स्वदेशी तथा बिदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# लोकल रक्सी ब्राण्ड भर्सेज व्यान गर्न कार्यदल

❖ मुलुकी सम्वाददाता

उदयपुर, वैशाख १३

प्रदेश सामाजिक विकास मन्त्री उषाकला राईले आफ्नो पूर्व प्रतिबद्धता अनुसार घरेलु मदिरा (कोदोको रक्सी)लाई ब्राण्डिङ, बजारीकरण तथा प्रवर्द्धन गर्नका लागि कार्य प्रारम्भ गरेकी छिन्। मन्त्री राईले कोदोको रक्सीलाई कानुनी मान्यता दिदै करको दायराभित्र ल्याउन यसको सम्भाव्यता अध्ययन तथा सुझाव कार्यदल गठन गरेकी हुन्।



कोदोको रक्सीलाई 'व्यान्ड होईन ब्राण्ड' बनाउनुपर्ने अभियान अन्तर्गत प्रदेश सरकारले प्रदेश योजना आयोगका सदस्य पूर्णकुमार लोक्सोमको संयोजकत्वमा १० सदस्यीय कार्यदल भर्खरै गठन गरेको छ। नेपाली मौलिक सीप र कौशल प्रयोगबाट सदियौं वर्षदेखि स्थानीय कच्चा पदार्थ कोदोबाट घरेलु मदिरा उत्पादन र उपभोग भईरहेको र त्यस्तो उत्पादनलाई प्रोत्साहन गर्दै बजारीकरण गर्न सके कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने ठहर गर्दै कार्यदल गठन गरिएको हो।

कार्यदलले सामाजिक विकासमन्त्री राईको अवधारणा अनुसार सम्भाव्यता अध्ययन गर्दै कोदोको रक्सीलाई आर्थिक, सामाजिक-सांस्कृतिक, वातावरणीय तथा कानूनी पक्षहरुसँग जोडेर अध्ययन पहिलो बैठक बसेको ४५ दिनभित्र सुझावसहितको प्रतिबेदन बुझाउन अधिकार दिइएको छ।

कोदोको रक्सीको वैधानिक तथा व्यवसायिक उत्पादन, संकलन, गुणस्तर परीक्षण, बोटलिङ, ब्राण्डिङ, बजारीकरण गर्दै आन्तरिक खपतमा व्यापकता दिने तथा आयात प्रतिस्थापन गर्न विदेश निकासी गर्ने मन्त्री राईको अवधारणा छ। त्यो सम्भावनालाई मुर्तरुप दिन घरेलु मदिरालाई 'व्याण्ड होईन ब्राण्ड' बनान माग गर्दै २०७७ असार १५ गते संसदको विनियोजन विधेयकमाथिको छलफलमा उनले लोकल रक्सीको व्यवसायीकरण गर्नुपर्ने माग राखेकी थिइन्।

लोकल रक्सीको व्यवसायीकरण र औधोगिकरण गर्न सके सिंगो देशको आर्थिक संबृद्धिमा टेवा पुग्ने राईको अवधारणा छ। लोकल रक्सीलाई व्याण्ड गर्दा विदेशी रक्सीको आयात पनि रोक्नुपर्ने उनको भनाइ छ। घरेलु मदिराको प्रवर्द्धनमा तीनवटैतहका सरकारले सहयोग गरेमा स्थानीय श्रमको उपयोग भई रोजगारी सिर्जना हुनुका साथै जीविकोपार्जन र आर्थिक आयआर्जन बढ्ने मन्त्री राईको धारणा छ।






Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.





**विउविजनको चटारो ।** *वर्षातसँगै वर्षेवाली, तरकारीवाली, नगदेवाली, अन्नको विउविजन किन्न गाईघाटस्थित एग्रोभेटमा भिड लागेको किसान।* **तस्बिर – मुलुकी**

# जंगलको डढेलो सल्केर घर गोठ जलेर नष्ट

**❖ मुलुकी संबाददाता**

लिमचुङबुङ, वैशाख १३

जंगलमा लागेको डढेलोबाट सल्केको आगोले उदयपुरको लिमचुङबुङका एक स्थानीयको घर, गोठ नष्ट भएको छ। लिमचुङबुङ १ बाँसबोटेस्थित भालुढुंगा सामुदायिक वन उपभोक्ता समुहमा लागेको डढेलोको आगो सल्केर बुत्कुका दलबहादुर राईको घर, गोठ जलेकोण हो ।

सोमबार दिउसो १:०० बजे डढेलोबाट सल्केको आगोले राईको खरको छानो र ढुंगा माटोले बनेको दुईतले घर, एकतले मतान र गाईभैंसीको गोठ जलेर नष्ट भएको इलाका प्रहरी कार्यालय बाराहाले जनाएको छ। आगोले घर र घरभित्र रहेका अन्नपात, लत्ताकपडा, भाँडावर्तन र महत्वपूर्ण कागजात जलेर नष्ट भएको गाउँपालिकाका सुचना अधिकृत ताराकिरण राईले बताए । आगलागीबाट राईको ४ लाख बराबरको धनमाल जलेर नष्ट भएको छ। प्रहरी र स्थानीयको सहयोगमा दिउँसो ४:३० बजेसम्ममा आगो नियन्त्रणमा ल्याइएको उनले बताए। राईका अनुसार दिउँसोको घट्ना भएकाले आगलागीबाट मानवीय र चौपाया क्षति भने नभएको प्रहरीले जनाएको छ । आगलागीको घट्नाबारे जानकारी आएलगत्तै इलाका प्रहरी कार्यालय बाराहाबाट खटेको टोली घट्नास्थल पुगेर उद्धार कार्यमा जुटेकाले थप घरमा क्षति हुन नपाएको उनले बताए।

आगोले घर, गोठ आगोले सखाप भएपछि पीडित राई परिवार खुला आकाशमुनि बस्न बाध्य भएको छ। पीडित परिवारलाई तत्काल राहतको व्यवस्था गर्न गाउँपालिकाले तयारी गरिरहेको पनि उनले बताए । स्थानीयका अनुसार भालुढुंगा सामुदायिक वनक्षेत्रमा ४/५ दिन अघि लागेको डढेलो अझै नियन्त्रणमा आउन नसकेर पुरै जंगल सखाप भईसकेको छ ।

चर्को घाम, सुख्खा मौसम र वर्षा नभएका कारण वडा कार्यालय, गाउँपालिका र वन समूहले पहल गरिरहे पनि डढेलो नियन्त्रण हुन नसकेको बताइएको छ। कटारी डिभिजन वन अधिकृत फणिन्द्र पोखरेलले सामुदायिक वनमा आगलागीको खवर आएको तर सबै बिबरण बुझ्न बाँकी रहेको बताए। उनले यसबारे बुझेर आगो नियन्त्रण गर्न कर्मचारी परिचालन गर्ने बताए।

## *गाईघाट ....*

मात्र पार्किङ गर्न दिने र त्यो पार्किङ शुल्क उठाउन बहिरा भएका मानिसहरुलाई रोजगारी दिने वडाको योजना रहेको छ। यसको लागि वडा र नगरपालिकाले केही दिन अघिदेनि नै सडकपेटी सफाइको लागि गृहकार्य भईरहेको छ । बजार क्षेत्रका सबै सडकपेटीलाई सफाई गर्न सबै ब्यापारीहरुलाई सुचना मार्फत सडकपेटीमा सामान नराख्न नगर प्रहरी मार्फत चेतना अविवृद्धि गर्ने भएको छ। यसरी सुचना गर्दा पनि ब्यापारीहरुले सडकपेटी मिचेमा या सडकपेटीमा सामान राखेमा नगरपालिका संग रहेको १७ जना प्रहरी मार्फत सडकपेटी मिचेर राखिएको सामान जफत गर्ने नगरपालिकाको योजना रहेको छ । अहिले सडकपेटीको जग्गा अढाइ मिटर रहेकाले त्यो क्षेत्रमा कुनै सामान नराख्न वडाअध्यक्ष भटराईको अनुरोध छ। त्रियुगा नगरपालिकाको गाईघाट बजारलाई २०७८ बैशाख १ गतेदेनि ग्रीनसिटी बनाउने अभियानमा रहेकाले सबै नगरबासीलाई सहयोग गरेर ब्यबस्थित, सुन्दर सहर बनाउने योजना सफल बनाउन उनको अनुरोध छ ।

## *ब्यापारमा ....*

रेडिमेड गरगहनाहरु पाउने शर्मिला बताउँछिन्। उनीले काठमाडौ, विराटनगर, इटहरीबाट सामानहरु ल्याउने गरेको बताईन।

त्रियुगा जनता बहुमुखी क्याम्पस मोतिगडाबाट शिक्षा संकाय अर्थशास्त्र विषयमा स्नातक पास गरेकी शर्मिलालाइ ब्यापारमा उपभोक्ताहरुलाई सस्तो, कम मुल्यमा गुणस्तर र टिकाउ हुने सबै किसिमका सामानहरु एउटै पसल भित्र सेवा दिने उनको योजना छ। अर्थशास्त्र पढेकी हुनाले ब्यापारमा नाफा पनि उपभोक्तालाई मार नपर्ने गरी राख्छिन उनी । लगानीको १० प्रतिशतदेखि सामानको मात्रा र मुल्य हेरेर १५ प्रतिशत सम्म नाफा लिने गरेको उनी बताउँछिन् । उनीलाई ब्यापारमा आफ्नो श्रीमान नबराज बस्नेतले पनि राम्रो साथ दिएका छन्।१८ र १० वर्षका दुई छोरा रहेका शर्मिला - नवराज दम्पतीले अहिले सञ्चालन गरीरहेको पसलको जग्गा १५ वर्षको लागि मासिक ५० भाडा तिर्ने गरेर जग्गाधनी लाल बहादुर साह संग लिएका हुन। अहिले सञ्चालन गरेको ब्यापारिह इशान प्लाजाको बनाउन करिब ३५ लाखमा लगानी परेको शर्मिला बताउँछिन् । उनको पसलमा अहिले दुई जना कर्मचारीले समेत रोजगारी पाएका छन। शर्मिलाई सबै पेशा, ब्यापार, ब्याबशायको उतिकै महत्व लाग्छ। पहिले शिक्षण गर्दाको समय नि त्यतिकै प्यारो थियो उनीलाई। उनीले पढाएको विद्याथीहरुले गर्ने माया, सत्कार, सम्मान साच्चै अमुल्य लाग्छ शर्मिलालाई । त्यस्तै गुणस्तर सामानहरु, कपडाहरु उपभोक्ताहरुले सुपथ मुल्यमा पाउदा ग्राहकको अनुहारमा आएको खुशीले पनि शर्मिलालाई मनमा खुशी महशुस हुन्छ ।







लिमचङ्बुङ गाउँपालिका
बाराहा, उदयपुर

मुलुकी दैनिक पत्रिका तपाईको घर, कार्यालय, पसलमा नआएमा, ढिलो आएमा, नया ग्राहक बन्नु परेमा, विज्ञापन छपाउनु परेमा सम्पर्क गर्नुहोस। सम्पर्क - ९८४२९८५१८८

